दर्ता नं. ०१/२०७५, तानसेन

# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष

तानसेन-६, पाल्पा
स्था. २०७५

च.नं.
पत्र संख्या :

## प्रेस विज्ञप्ति

तानसेन नगरपालिकाले नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको स्मृतिमा स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषको प्रथम साधारण सभा संयोजक शम्भु श्रेष्ठको सभापतित्व, कोषका संरक्षक एवम् तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीको प्रमुख आतिथ्यता र सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठको विशेष आतिथ्यतामा मिति २०७६।१०।१८ गतेका दिन पाल्पाको प्राचीन नगरी तानसेनमा सम्पन्न भएको छ ।

साधारण सभाले कोषलाई स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा विकसित गर्दै नेपाली समाजको रूपान्तरण र विकासमा पत्रकारिताका माध्यमबाट योगदान गर्ने व्यक्तिहरुको सूची बनाई सम्मानित गर्दै जाने नीति अघि सारेको छ । सभाले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको स्मृतिमा तानसेन नगरपालिकाद्वारा स्थापित *पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६* वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदानगर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरेको छ ।

वरिष्ठ पत्रकार दिल साहनीको संयोजकत्वमा गठित सिफारिस समितिले पुष्पलालका समकालीन, राष्ट्रियता र देशभक्तिका मुद्दामा सदैव दृढ रहनुभएका डेली डायरी साप्ताहिक, रातो युगधारा साप्ताहिक र जन जागृति साप्तहिकका प्रधान सम्पादक, विभिन्न पुस्तकका लेखक हिरण्यलाल श्रेष्ठलाई पुरस्कार प्रदान गर्दा कोषको गरिमा र ओज बढ्ने रायसहित सिफारिस गरेको थियो । जनजागृतिमा लेखेको सम्पादकीयले तत्कालीन व्यवस्थालाई आघात पुगेको निहुँमा हिरण्यलाललाई ३ वर्ष कैद सजाय भएको थियो । राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय अखण्डताका पक्षमा दृढताका साथ उभिनुभएका, पुष्पलालको विचार र योगदानलाई पत्रकारिताका माध्यमबाट जनजनमा पुऱ्याउन सशक्त भूमिका निर्वाह गर्नुभएका श्रेष्ठ नेपाली पत्रकारितामा सिद्धहस्त व्यक्ति हुनुहुन्छ । पुरस्कारको राशी १ लाख ११हजार १ सय ११ रूपैयाँ रहेको छ ।

पुष्पलालको जन्मदिनको अवसर पारेर २०७७ सालको असार १४ गते तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गर्ने निर्णय भएकाले सम्पूर्ण पत्रकारहरूलाई जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ । पुरस्कृत व्यक्तित्व श्रेष्ठलाई हार्दिक बधाई । तानसेन नगरपालिकालाई धन्यवाद ।

Bhattrai

गोविन्द भट्टराई

सदस्य सचिव

२०७६ माघ २१

Scanned by CamScanner